# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
## टंगाल, काठमाडौं

मिति: २०७५।०६।०९ गते

# प्रेस विज्ञप्ति

## विषय: घुस रकम सहित नियन्त्रणमा लिइएको ।

---

नापी कार्यालय, हरिऔन, सर्लाहीमा कार्यरत अमिन किशुनदेव मण्डलले अंशवण्डा पत्रको लागि जग्गा कित्ताकाट गरिदिए बापत सेवाग्राहीसँग घुस/रिसवत माग गरिरहेको भन्ने उजुरी एवं सूचनाको आधारमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय बर्दिवासबाट खटिइ गएको टोलीले निजलाई रु.९,०००।-(नौहजार) घुसबापतको रकम लिइसकेको अवस्थामा नापी कार्यालय, हरिऔन, सर्लाहीबाट नियन्त्रणमा लिइ अनुसन्धान कार्य भइरहेको छ ।

(रामेश्वर दंगाल)
सह-सचिव एवं प्रवक्ता